विदेशी नागरिक सबैलाई

नेपाली भाषा（ネパール語）

मियमा स्वागत छ!

यो पर्चा मिय प्रिफेक्चरमा बसोबास गर्ने विदेशी नागरिकहरूका लागि महत्त्वपूर्ण जानकारी हो।
कुनै समस्या परेमा प्रयोग गर्नुहोस्। हामी तपाईंको जीवनयापनलाई सहयोग गर्छौं।
※ यहाँ लेखिएको जानकारी २०२५ नोभेम्बरको हो।

मिय प्रिफेक्चर बाट आउने सूचनाहरू ७ भाषामा हेर्न सक्नुहुन्छ।
(२०२६ अप्रिलदेखि ८ भाषामा उपलब्ध छ)

MieInfo

जापान मा जीवनयापन

आप्रवासन तथा निवास व्यवस्थापन निकाय जीवन • काम सम्बन्धी मार्गदर्शक पुस्तिका

जापानमा सुरक्षित रूपमा जीवनयापन का लागि आवश्यक जानकारी हेर्न सक्नुहुन्छ। काम र पैसा लगायतका महत्त्वपूर्ण नियमहरू लेखिएका छन्।

- १९ भाषामा उपलब्ध छ
 (सरल जापानी संस्करण सहित)

आप्रवासन तथा निवास व्यवस्थापन निकाय जीवन अभिमुखीकरण भिडियो

जापानमा सुरक्षित रूपमा जीवनयापन गर्न तथा काम गर्न आवश्यक नियमहरू भिडियोमार्फत हेर्न सक्नुहुन्छ।

- १७ भाषामा उपलब्ध छ

आपतकालीन अवस्था • विपद्

Bosaimie.jp (防災みえ .jp)

ठूलो वर्षा, आँधी–तूफान, भूकम्प, सुनामी जस्ता विपद् सम्बन्धी जानकारी हेर्न सक्नुहुन्छ।

- ८ भाषामा उपलब्ध छ

मिय विपद् बहुभाषिक सहायता केन्द्र

ठूलो भूकम्प वा सुनामी आएमा, आवश्यक जानकारी अनुवाद गरी जानकारी गराइन्छ।
विपद्का कारण समस्या परेमा परामर्श लिन सक्नुहुन्छ।
फोन: ०८०-३३००-८०७७ (निःशुल्क परामर्श)
इमेल: saigai.tagengo.mie@gmail.com
भाषा: सरल जापानी, पोर्चुगिज भाषा, भियतनामी भाषा, अंग्रेजी भाषा, स्पेनिश भाषा

रोग • चोटपटक

मेडिकल नेटवर्क मिय

तपाईंको घर नजिकका अस्पताल वा औषधि पसल खोज्न सक्नुहुन्छ।

- ५ भाषामा उपलब्ध छ

मिय बाल स्वास्थ्य डायल

बिदाको दिन वा रातिको समयमा बच्चालाई ज्वरो आएर समस्या भएको छ? बच्चा बिरामी वा चोटपटक लागेमा फोनबाट परामर्श लिन सक्नुहुन्छ।
फोन: #८००० (निःशुल्क परामर्श)

- २२ भाषामा उपलब्ध छ

जापानी भाषाको अध्ययन

शिक्षा, संस्कृति, खेलकुद, विज्ञान तथा प्रविधि मन्त्रालय चूनाहिरो (TSUNAHIRO)

दैनिक जीवनमा प्रयोग हुने जापानी भाषा भिडियोमार्फत सिक्न सक्नुहुन्छ। स्मार्टफोन वा PC बाट जुनसुकै बेला हेर्न सक्नुहुन्छ।

- १९ भाषामा उपलब्ध छ

मिय प्रिफेक्चर अन्तर्राष्ट्रिय आदानप्रदान फाउन्डेसन जापानी भाषा कक्षाको नक्सा

तपाईंको घर नजिक जापानी भाषा पढ्न सकिने स्थान खोज्न सक्नुहुन्छ।

- बहुभाषामा उपलब्ध छ

नबुझेको कुराहरूका बारेमा परामर्श लिन सक्नुहुन्छ!!

मिय विदेशी नागरिक परामर्श सहायता केन्द्र MieCo (मिएको)

०८०-३३००-८०७७ (निःशुल्क परामर्श)

विस्तृत जानकारी यहाँ▲

परामर्श लिन सकिने समय	बिहान ९ बजेदेखि दिउँसो ४ बजेसम्म
परामर्श लिन सकिने दिन	सोमबारदेखि शुक्रबारसम्म (शनिबार, आइतबार, सार्वजनिक बिदा तथा वर्ष अन्त्य/नयाँ वर्षको बिदा बाहेक)
उपलब्ध लिन सकिने भाषा	जापानी भाषा, अंग्रेजी भाषा, पोर्चुगिज भाषा, स्पेनिश भाषा, फिलिपिनो भाषा, चिनियाँ भाषा, कोरियन भाषा, भियतनामी भाषा, नेपाली भाषा, इन्डोनेसियाली भाषा, थाई भाषा

● विशेष परामर्श

कानुन | बसोबास स्थिति | मानसिक स्वास्थ्य परामर्श

वकिल, नागोया अध्यागमन तथा निवास व्यवस्थापन ब्यूरोका कर्मचारी तथा क्लिनिकल मनोवैज्ञानिकसँग निःशुल्क परामर्श लिन सक्नुहुन्छ।

परामर्श लिन सकिने मिति तोकिएको छ।

फोनमार्फत अग्रिम बुकिङ गर्नुहोस्।

मिय विपद् नाभी

विपद्को बेला सुरक्षित स्थान (आश्रयस्थल) नक्साबाट खोज्न सक्नुहुन्छ। हाजार्ड म्याप (भूकम्प, सुनामी, आँधी–तूफानबाट जोखिम भएका स्थानहरूको नक्सा) हेर्न सक्नुहुन्छ।

● ८ भाषामा उपलब्ध छ

iOS Android

NHK WORLD-JAPAN

जापान तथा विश्वका समाचार हेर्न सक्नुहुन्छ। तपाईंको स्मार्टफोनमा भूकम्प, सुनामी जस्ता विपद् सम्बन्धी सूचना पठाइन्छ।

● बहुभाषामा उपलब्ध छ

iOS Android

Safety tips

तपाईंको स्मार्टफोनमा सरकारबाट विपद् सम्बन्धी जानकारी पठाइन्छ।। भूकम्प वा सुनामी आएमा उपयोगी जानकारी तुरुन्तै थाहा हुन्छ।

● १५ भाषामा उपलब्ध छ

iOS Android

VoiceTra

तपाईंले बोलेको भाषालाई ३१ भाषामा अनुवाद गर्न सकिन्छ। अन्य देशका मानिसहरूसँग कुरा गर्दा यो धेरै उपयोगी हुन्छ।



iOS Android